मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बरेवा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्याः २०७९/०८०
चलानी नं. :

प्रथम पटक प्रकाशित मिति :- २०७९/१२/०२

## किसान सुचिकरण कार्यको लागि गणक भर्ना सम्बन्धी संसोधित सूचना

मायादेवी गाउँपालिकाको आ.ब.२०७९/८० को स्वीकृत बार्षिक गाउँ बिकास योजनामा किसान सूचिकरण कार्यक्रम अन्तर्गत यस मायादेवी गाउँपालिका रुपन्देहीका विभिन्न वडाका किसान परिवारहरुको वैयक्तिक विवरण तथा कृषि तथ्याङ्क सङ्कलनको लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण सहित तोकिएको सम्पूर्ण कागजात सँलग्न गरी दरखास्त पेश गर्न आह्वान गरीन्छ । आवश्यक कागजात सँलग्न नभई तथा रित नपुगी पेश हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| १ | ३/२०७९-०८० | गणक | ३२(बत्तीस) जना |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव
  क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको
  ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
  ग. आधारभूत कम्प्यूटर सिप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको अथवा नियमित पाठ्यक्रममा कम्प्युटर विषय समावेश भएको हुनुपर्ने
  घ. एन्डोईड/स्मार्ट फोन/ट्याबलेट वा ल्यापटप भएको
  ङ. अन्य प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको

२. दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानः- मायादेवी गाँउपालिका, गाउँकार्यपालिकाको कार्यालय,बरेवा-रुपन्देही वा www.mayadevimunrupandehi.gov.np बाट डाउनलोड गर्न सकिनेछ । दरखास्त फारम मायादेवी गाउँपालिकाको कार्यालय कम्हरिया, रुपन्देहीमा बुझाउनु पर्नेछ ।

३. दरखास्त दिने अन्तिम मितिः- २०७९/१२/१६ गते कार्यालय समयभित्र यदि सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट

४. आवेदनको दस्तुर :- रु ५०/- (अक्षरुपिःपचास रुपियाँ मात्र)

५. छनौट किसिम :- संक्षिप्त सुची,अन्तरवार्ता र कम्प्युटर सिप परीक्षण

६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु क) नागरिकताको प्रतिलिपी ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाण-पत्र



कृषि शाखा प्रमुख

पत्र संख्याः २०७९/०८०

चलानी नं. :

प्रथम पटक प्रकाशित मिति :- २०७९/१२/०२

ग) चारित्रिक प्रमाण-पत्र घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात

ङ) कम्प्युटर तालिमको प्रमाण-पत्र अथवा नियमित पाठ्यक्रममा कम्प्युटर विषय समावेश भएको भए सोको लब्धाङ्क पत्र च) २ प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुविधा :- खटाईएको क्षेत्रको प्रति घरधुरी रु. ७५(पचहत्तर) तथा ईन्टरनेट बापत एकमुष्ठ रु १०००/-एक हजार मात्र ।

८. आवेदनको ढाँचा र गणक पदपूर्ति सम्बन्धी थप जानकारी मायादेवी गाउँपालिकाको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ ।

सम्पर्क नम्वर : ९८४७१००१४२, ९८६७७०४४७५

शशी ढुङ्गाना

कृषि शाखा प्रमुख